annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १४९ पृष्ठ ८ | काठमाडौं, बिहीबार १० असोज २०८१ | आश्विन कृष्णपक्ष नवमी नेपाल संवत् ११४४ | THURSDAY, SEPTEMBER 26, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

## दुईपांग्रे ट्याक्सी बढे विकृति, छैन नियमन

| मिति | कुल मोटरसाइकल दर्ता संख्या | कुल मोटरसाइकल दुर्घटना |
|---|---|---|
| २०२१/२२ | १३३०२५४ | ८३६४ |
| २०२२/२३ | १४३६७६० | ८३४१ |
| २०२३/२४ | १५००००० | ७६८४ |




**मोटरसाइकल ट्याक्सी अर्थात् भाडा लिएर मोटरसाइकलमा यात्रु ओसार्ने सेवा । छिटो, सजिलो र सस्तोमा यात्रा गर्न पाइने । तर, नियमन नहुँदा यो सेवा 'जोखिमपूर्ण र असुरक्षित' बन्दै गएको एक अध्ययनले देखाएको छ । महिलामाथि यौनजन्य दुर्व्यहारका घटना हुने, यात्रुको भेषमा गाडीमा सवार अपराधीबाट राइडर नै लुटपाटमा पर्ने, अपराध कर्मका लागि 'अफलाइन' सेवा लिने क्रम बढेको अध्ययनको निष्कर्ष छ ।**




समाचार पृष्ठ २

**राजकरण महतो** | *काठमाडौं*

– को रिपोर्ट

## ४ दिन भारी वर्षाको अनुमान

### ५६ जिल्लामा 'रेड अलर्ट'

**अन्नपूर्ण** | *काठमाडौं*

जल तथा मौसम विज्ञान विभागले आगामी ४ दिन मुलुकमा भारी वर्षाको अनुमान गरेको छ। विभागको मौसम पूर्वानुमान महाशाखाले ५६ जिल्लामा 'रेड अलर्ट' जारी गरेको छ।

असोज १० गते बिहीबारदेखि १३ गते आइतबारसम्म देशभर साधारणदेखि पूर्णतया बदली रही अधिकांश स्थानमा मेघगर्जनसहित वर्षा हुने सम्भावना रहेको महाशाखाले जनाएको छ। महाशाखाका अनुसार कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा भारी वर्षा हुने जनाएको छ। त्यस्तै मधेस, कर्णाली र सुदूरपश्चिम केही स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ।

साथै देशका तराई भूभागका केही स्थानमा हावाहुरीको समेत सम्भावना छ। मेघ गर्जनसहित मध्यम वर्षा भइरहेको महाशाखाले उल्लेख गरेको छ। महाशाखाका अनुसार बिहीबार (असोज १० गते) देशभर नै सामान्यदेखि पूर्णतया बदली रही देशभर मध्यम वर्षा हुने सम्भावना रहेको छ।

कोशी प्रदेशका थोरै तथा बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका एक-दुई स्थानमा भने भारी वर्षा हुने जनाइएको छ। बिहीबार पनि देशका तराई भूभागका केही स्थानहरूमा हावाहुरी आउने विभागको बुलेटिनमा उल्लेख छ।

शुक्रबार(असोज ११ गते) कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै तथा कर्णाली प्रदेशका एक-दुई स्थानमा भारी वर्षा हुने महाशाखाले जनाएको छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा मुसलधारे पानी पर्ने छ। देशका तराई भूभागका केही स्थानहरूमा हावाहुरीको समेत सम्भावना रहेको छ।

» बाँकी पृष्ठ ६

## बार-परिषद् फेरि बढ्यो दूरी

**दिनेश गौतम** | *काठमाडौं*

न्यायिक वृत्तमा भनिन्छ, बेञ्च (अदालत) र बार (कानुन व्यवसायी) बीचको सम्बन्ध नङ र मासुको झैं हुनुपर्छ। तर, अहिले न्यायाधीश सिफारिसको विषयलाई लिएर बार र बेञ्चबीचको आपसी दूरी पुन: बढेको छ।

कानुन व्यवसायीको छाता संगठन नेपाल बार एसोसिएसनले संविधानविपरीत न्यायाधीश नियुक्ति सिफारिस गर्न लागेको भन्दै बुधबार विरोध प्रदर्शन गरेको छ। बारले न्यायपरिषद् अध्यक्षसमेत रहेका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ सेवा निवृत्त हुन लागेका प्रधानन्यायाधीश श्रेष्ठ सर्वोच्च अदालतमा हाजिर भए पनि इजलासमा बसेर मुद्दा हेर्न छोडेका छन्। श्रेष्ठले न्यायाधीश नियुक्तिका लागि बैठक गर्न लागेको भन्दै बार विरोधमा उत्रेको छ। प्रधानन्यायाधीश श्रेष्ठ असोज २० गतेदेखि सेवा निवृत्त हुँदै छन्। श्रेष्ठले मुद्दा हेर्न छोडेका छन्। सर्वोच्चमा प्रधानन्यायाधीशसहित




२१ जना न्यायाधीश रहने संवैधानिक व्यवस्था छ। सर्वोच्चमा अहिले ५ न्यायाधीश रिक्त छ। त्यस्तै उच्च अदालतमा १६ न्यायाधीश रिक्त छ। न्यायाधीशको अभावमा न्याय निरुपणमा ढिलाइ भइरहेको छ। बारले न्यायपरिषद् नियमावली २०७४ को (पहिलो संशोधन २०८०) प्रति असहमति जनाउँदै गैरसंवैधानिक नियमावलीलाई अविलम्ब खारेजको माग गर्दै आएको छ। 'सरोकारवालासँग परामर्श नै नगरी एक पक्षीय ढंगले नियमावली संशोधन गरिनु कानुनको सिद्धान्तविपरीत छ,' बार अध्यक्ष घिमिरेले भने, 'गैरसंवैधानिक नियमावली निरस्त नगरेसम्म आन्दोलन जारी रहन्छ,' उनले भने।

गत भदौ १६ र १७ गते बारले न्यायपरिषद् सचिवालयमा धर्नासमेत दिएको थियो। त्यसपछि सर्वोच्च अदालतले बार बेञ्च समन्वय समितिको बैठक राखी वार्तामा बोलाएको थियो। बार अध्यक्ष एवं वरिष्ठ अधिवक्ता घिमिरे र महासचिव अन्जिता खनाल समेतको वार्ताबाट निकासका निमित्त पाँच सदस्यीय कार्यदलसमेत गठन भएको थियो। उक्त कार्यदलमा सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश प्रकाशमान सिंह राउत, न्यायपरिषद् सदस्य रामप्रसाद भण्डारी, बार अध्यक्ष घिमिरे, महासचिव खनाल र सदस्य सचिवमा परिषद्का सचिव यमबहादुर बुढा थिए । परिषद् नियमावलीमा भएको संशोधनका सम्बन्धमा सहमति निकाल्ने सहमति भएको बार अध्यक्ष घिमिरेले जानकारी दिए।

'कार्यदलको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्नुपर्थ्यो,' बार अध्यक्ष घिमिरेले भने, 'प्रतिवेदन लिखित रूपमा माग गर्दासमेत उपलब्ध नगराउने गैरजिम्मेवारपूर्ण कार्य भयो।' कार्यदलले भदौ २८ गते प्रतिवेदन पेस गरेको थियो। बार एसोसिएसनको तर्फबाट यस सम्बन्धमा फरक प्रतिवेदन प्रस्तुत भएको छ।

» बाँकी पृष्ठ ६

ग्लोबल आइएमई बैंक
नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा
EUROMONEY AWARDS FOR EXCELLENCE
NEPAL BEST BANK 2024 & NEPAL BEST BANK FOR ESG 2024
बाट सम्मानित







यस उपलब्धिका लागि हामी सबै प्रति हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दै सबैमा सधैं उत्कृष्ट बैंकिङ सेवा दिँदै जाने प्रतिबद्धता व्यक्त गर्दछौं।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np